(संवत् २०७९ साल मङ्सिर मसान्तसम्म भएका संशोधन मिलाइएको)

# उखडा सम्बन्धी ऐन, २०२१

| | | |
|---|---|---|
| | | <u>लालमोहर र प्रकाशन मिति</u> |
| | | २०२१।६।१७ |
| <u>संशोधन गर्ने ऐन</u> | | |
| १. | उखडा सम्बन्धी (पहिलो संशोधन) ऐन, २०२२ | २०२२।३।३० |
| २. | उखडा सम्बन्धी (दोस्रो संशोधन) ऐन, २०२४ | २०२४।७।६ |
| ३. | न्याय प्रशासन सुधार ऐन, २०३१ | २०३१।४।१८ |
| ४. | विशेष अदालत ऐन, २०३१ | २०३१।६।२० |
| ५. | न्याय प्रशासन सुधार (पहिलो संशोधन) ऐन, २०३३ | २०३३।४।१० |
| ६. | उखडा सम्बन्धी (तेस्रो संशोधन) ऐन, २०४२ | २०४२।६।९ |
| ७. | उखडा सम्बन्धी (चौथो संशोधन) ऐन, २०४४ | २०४४।५।१४ |
| ८. | न्याय प्रशासन ऐन, २०४८ | २०४८।२।१६ |
| | | <u>प्रमाणीकरण र प्रकाशन मिति</u> |
| ९. | गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६[←] | २०६६।१०।७ |
| १०. | केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ | २०७२।११।१३ |

२०२१ सालको ऐन नं. १६

[2]……………

<u>उखडा सम्बन्धी व्यवस्था गर्न बनेको ऐन</u>

<u>प्रस्तावनाः</u> उखडा सम्बन्धी केही कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

<u>श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेव</u>बाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

← यो ऐन संवत् २०६५ साल जेठ१५ गतेदेखि लागू भएको।

2 गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको।

(संवत् २०७९ साल मङ्सिर मसान्तसम्म भएका संशोधन मिलाइएको)

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भः (१) यस ऐनको नाम "उखडा सम्बन्धी ऐन, २०२१" रहेको छ ।

(२) यो ऐन नवलपरासी, रुपन्देही र कपिलबस्तु (पाल्ही माझखण्ड, शिवराज र तौलीहवा) जिल्लामा लागू हुनेछ ।

(३) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "जग्गाधनी" भन्नाले आफ्नो नाममा जग्गा दर्ता भएका नाताले वा सो जग्गामा आफ्नो हक पुग्ने नाताले नेपाल सरकारलाई मालपोत बुझाउनु पर्ने व्यक्ति सम्झनु पर्छ ।

(ख) "किसान" भन्नाले उखडा जग्गा जोत्ने किसानको रुपमा सरकारी स्रेस्तामा दर्ता भएको वा जग्गाधनीसँग भएको बोल कबोल बमोजिम उखडा जग्गा जोती आएको किसानलाई सम्झनु पर्छ । तर यस शब्दले हुण्डा, मनखप, अधियाँ, बटैयामा कमाउन पाएको जग्गा जोत्ने व्यक्तिलाई जनाउने छैन ।

(ग) "पोत" भन्नाले उखडा जग्गा कमाउन दिए बापत किसानले जग्गाधनीलाई बुझाउनु पर्ने रुपैयाँसम्झनु पर्छ ।

(घ) "उखडा जग्गा" भन्नाले जग्गाधनीसँग भएको बोल कबोल बमोजिम किसानले जग्गाधनीलाई नगदी पोत बुझाउने गरी कमाईआएको जग्गा सम्झनु पर्छ ।

(ङ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गतको नियममा तोकिए वा तोकिए बमोजिम सम्झनु पर्छ ।

३. जग्गा किसानको नाममा दर्ता हुनेः यो ऐन प्रारम्भ हुँदाका बखत किसानले जग्गाधनीलाई पोत बुझाउने गरी कमाई रहेको उखडा जग्गामा

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

जग्गाधनीको हक समाप्त भै किसानको नाममा तोकिए बमोजिम नम्बरीमा दर्ता हुनेछ ।

तरः–

*(१) सो किसान विदेशी नागरिक रहेछ वा पछि विदेशी नागरिक ठहरिन आयो भने निजले जोतेको उखडा जग्गा नेपाल सरकारको नाममा दर्ता हुनेछ र सो जग्गा सुकुमबासी नेपाली नागरिकलाई कुनै शर्तमा नेपाल सरकारले बिक्री वितरण गर्न सक्नेछ । त्यस्तो जग्गाको सम्बन्धमा जग्गाधनीले यस ऐन बमोजिम पाउनु पर्ने क्षतिपूर्तिमध्ये केही पनि नपाएको भए सबै र किसानबाट केही पाइसकेको भए सो कट्टा गरी बाँकी रकम नेपाल सरकारले पाँच वर्षभित्र एकमुष्ट वा पाँच बराबर किस्तामा जग्गाधनीलाई दिनेछ ।

(२) सो किसानले दफा ४ को उपदफा (१) को प्रतिबन्धात्मक वाक्यांश (ख) अनुसार एकमुष्ट वा पहिलो किस्ता बापत बुझाउन पर्ने क्षतिपूर्तिको रकम सो बमोजिम नबुझाएमा सो जग्गा निजको नाममा दर्ता हुने छैन ।

४. <u>क्षतिपूर्तिः</u> (१) दफा ३ बमोजिम किसानको नाममा दर्ता हुने जग्गाका सम्बन्धमा सो जग्गाको मालपोतको दश दोब्बरको हिसाबले हुन आउने रकम सम्बन्धित किसानले सम्बन्धित जग्गाधनीलाई एकमुष्ट वा जग्गा दर्ता भएको मितिले पाँच वर्षभित्र पाँच बराबर किस्तासम्मको किस्ताबन्दी गरी क्षतिपूर्तिको रुपमा बुझाउनु पर्छ ।

तर,–

---

* पहिलो संशोधनद्वारा संशोधित ।

(क) किसानले क्षतिपूर्तिको रकम एकमुष्ट बुझाउन कबुल गरेकोमा सो एकमुष्ट रकम र किस्ताबन्दीमा बुझाउन कबुल गरेकोमा पहिलो किस्ताको रकम निजको नाममा जग्गा दर्ता हुने बखत सम्ममा र त्यसपछिको प्रत्येक किस्ता अघिल्लो किस्ता बुझाएको मितिले १ वर्षभित्र बुझाउँदै जानु पर्छ ।

(ख) किसानले कुनै किस्ता सो किस्ता बुझाउनु पर्ने म्याद अगावै जुनसुकै बखत बुझाउन सक्नेछ ।

(२) किसानले क्षतिपूर्तिको रकम बुझाउन जाँदा जग्गाधनीले बुझी नलिएमा सो बुझाउनु पर्ने म्याद गुज्रेको मितिले पन्ध्र दिनभित्र किसानले सो रकम इलाकाको माल अड्डामा धरौट राख्न सक्नेछ र सो बमोजिम किसानले धरौट राख्न ल्याएमा सो माल अड्डाले पनि बुझिलिई निजलाई रसिद दिनु पर्छ ।

(३) उपदफा (२) अन्तर्गत किसानले धरौट राखेमा निजले जग्गाधनीलाई सो क्षतिपूर्तिको रकम बुझाए सरह मानिनेछ ।

(४) उपदफा (२) बमोजिम किसानले क्षतिपूर्तिको रकम धरौट राखेमा सो कुराको सूचना सो माल अड्डाले जग्गाधनीलाई दिनु पर्छ । सो सूचना पाएको मितिले पैंतीस दिनभित्र सो रकम लिन आएमा माल अड्डाले जग्गाधनीलाई बुझाईदिनु पर्छ । सो म्यादभित्र जग्गाधनीले लिन नआएमा सो रकम नेपाल सरकारमा लाग्नेछ ।

(५) पहिलो किस्ता बाहेक उपदफा (१) बमोजिम बुझाउनु पर्ने अन्य किस्ता म्यादभित्र नबुझाएमा सो किसानको नाउँमा दफा ३ बमोजिम दर्ता भएको जग्गा प्रचलित नेपाल कानून बमोजिम सम्बन्धित माल अड्डाले लिलाम बढाबढ गराउनु पर्छ र सो बमोजिम लिलाम बढाबढ हुँदा उठेको रुपैयाँजग्गाधनीले पाउनेछ ।

५. जग्गा दर्ता सम्बन्धी कार्यविधिः (१) यो ऐन लागू भएपछि तोकिएको अधिकारीले तोकिदिएको म्यादभित्र जग्गाधनीले आफूले कमाउन दिएको



कानून किताब व्यवस्था समिति

र किसानले आफूले कमाई राखेको जग्गाको देहाय बमोजिमको विवरण खुलाई आफूसँग जो भएको सबुत प्रमाणको सक्कल वा रीतपूर्वकको नक्कल समेत सामेल राखी सो अधिकारीका समक्ष विवरण पेश गर्नु पर्छ र किसानले रसिद वा अरु लिखतको प्रमाण नपाएको भए त्यसको कारण समेत विवरणमा खुलाउनु पर्छः–

(क) जग्गाधनी र किसानको नाउँ, थर, वतन र नागरिकता,

(ख) जग्गा भएको जिल्ला, तप्पा वा प्रगन्ना, मौजा र

(ग) जग्गाको चारकिल्ला र बिगहा, कट्ठा र धुर समेतको क्षेत्रफल ।

(२) जग्गाधनी र किसानमध्ये कुनै एक पक्षले मात्र उपदफा (१) बमोजिमको विवरण पेश गरेमा सो उपदफाको म्याद नाघेको मितिले सात दिनभित्र तोकिएको अधिकारीले सो विवरणको सबै व्यहोरा खुलाई तोकिए बमोजिम सूचना प्रकाशित गर्नु पर्छ ।

(३) जग्गाधनी र किसानमध्ये कुनै पक्षले उपदफा (१) बमोजिम पेश गर्नु पर्ने विवरण सो उपदफा (२) बमोजिम सूचना प्रकाशित भएको मितिले पन्ध्र दिनभित्र पनि पेश नगरेमा अर्को पक्षले पेश गरेको विवरण नै विवरण पेश नगर्ने पक्षको विरुद्धमा अकाट्य प्रमाण मानिनेछ र सो पेश भएको विवरण झुट्टा हो वा सो सम्बन्धित कुनै सबुत प्रमाण जालसाजी वा कीर्ते गरी बनाएको हो भन्ने कुराको आधारमा पछि विवरण पेश नगर्ने पक्षको कुनै उजूर वा दाबी लाग्ने छैन ।

तर जग्गाधनीले किसानलाई डर त्रास देखाई वा कुनै किसिमको जबरजस्ती गरी विवरण पत्र पेश गर्न दिएको थिएन भन्ने कुराको उजूर परी सो कुरा प्रमाणित भएमा यस उपदफाको कुनै कुरा लागू हुने छैन ।

(४) उपदफा (२) बमोजिम प्रकाशित भएको सूचनाको कुनै व्यहोरामा चित्त नबुझ्ने व्यक्तिले सो सूचना प्रकाशित भएको मितिले एक्काईस दिनभित्र आफूसँग जो भएको सबुत प्रमाण समेत सामेल राखी

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

तोकिएको अधिकारीका समक्ष उजूर गर्न सक्नेछ र कुनै जग्गाको सम्बन्धमा हक बेहक सम्बन्धी खिचोला उठेमा सो अधिकारीले यस उपदफा र उपदफा (१) बमोजिम प्राप्त भएको प्रमाणको साथै सो सम्बन्धी मिसिल कागजात इन्साफका निमित्त दफा ७ बमोजिम नेपाल सरकारद्वारा ✠तोकिएको अदालतमा पठाई दिनु पर्छ ।

तर उपदफा (१) बमोजिम विवरण पेश गर्नु पर्ने व्यक्तिले सो उपदफा वा उपदफा (३) मा तोकिएको म्यादभित्र पेश नगरेमा निजले यस उपदफा बमोजिम उजूर गर्न पाउने छैन ।

६. दण्ड सजायः (१) दफा ५ बमोजिम विवरण पत्र पेश गर्दा कुनै पक्षले अर्को पक्षको हकमा मर्का पर्ने गरी जानी जानी झूट्टो विवरण वा जाली सबुत प्रमाण पेश गरेमा निजलाई रु. १०००।–एक हजारसम्म जरिबाना वा तीन महिनासम्म कैद वा दुवै सजाय हुन सक्नेछ ।

(२) यस ऐन बमोजिमको कुनै काम कारबाई गर्न लागेको कुनै अधिकार प्राप्त अधिकारीलाई कसैले सो काम गर्न नदिन कुनै बाधा विरोध गरेमा वा सो गर्न कसैलाई दुरुत्साहन दिएमा सो बाधा विरोध गर्ने वा दुरुत्साहन दिने व्यक्तिलाई तोकिएको अधिकारीको आदेशले रु. ५००।– पाँच सयसम्म जरिबाना वा एक महिनासम्म कैद वा दुवै सजाय हुन सक्नेछ ।

(३) कुनै जग्गाका सम्बन्धमा दफा ५ बमोजिम पेश गर्नु पर्ने विवरण सो दफा बमोजिमको म्यादभित्र कुनै पनि पक्षले पेश नगरेमा सो जग्गाको सम्बन्धमा जग्गाधनी र किसान दुवैको हक समाप्त भै नेपाल सरकार लाग्नेछ र सो जग्गा नेपाल सरकारले कुनै प्रकारले फेरी बन्दोबस्त गर्न सक्नेछ ।

---

✠ दोस्रो संशोधनद्वारा संशोधित ।

✂७. मुद्दा मामिलाको कारबाईः दफा ५ को उपदफा (४) र दफा ९ बमोजिमको मुद्दा मामिलाको कारबाई गरी किनारा तोकिएको अदालतले गर्नेछ ।

८. कारबाई र पुनरावेदनः (१) दफा ७ बमोजिम तोकिएको अदालत र दफा ६ को उपदफा (२) बमोजिम तोकिएको अधिकारीले विशेष अदालत ऐन, २०५९ अन्तर्गतको कार्यविधि अपनाई कारबाई गर्न र मुद्दा मामिलामा आवश्यकतानुसार दौडाहा इजलास कायम गर्न तथा ▣गाउँपालिका वा नगरपालिकाका सदस्यलाई रोहवरमा राखी प्रचलित कानून बमोजिम सरजमिन गर्न गराउन सक्नेछ ।

तर पूर्पक्षको सिलसिलामा अभियुक्तलाई थुनामा राख्ने अधिकार तोकिएको अधिकारीलाई हुने छैन ।

(२) दफा ६ को उपदफा (२) अन्तर्गत तोकिएको अधिकारीले दिएको आदेश उपर तोकिएको अदालतमा पुनरावेदन लाग्नेछ ।

(३) उपदफा (२) अन्तर्गत दफा ६ को उपदफा (१) अन्तर्गत तोकिएको अदालतले गरेको सजाय उपर उच्च अदालतमा पुनरावेदन लाग्नेछ ।

➔................

■८क. विशेष व्यवस्थाः (१) यो दफा प्रारम्भ हुनुभन्दा अगावै उखडा जग्गा दर्ता गर्ने सम्बन्धमा तोकिएको अदालतमा सम्बन्धित पक्षले म्याद तारेख गुजारी डिसमिस भएको वा नागरिकताको प्रमाणपत्र पेश गर्न नसकेकोले खारेज भएको वा तामेलीमा रहेको वा एक पक्षले म्याद तारेख गुजारी अर्को पक्षको हकमा समेत खारेज भएको वा तामेलीमा रहेको मुद्दा पुनः जगाई कारबाई गराउन चाहने व्यक्तिले αनेपाल सरकारले नेपाल

---

▣ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ द्वारा संशोधित।

➔ न्याय प्रशासन ऐन, २०४८ द्वारा प्रतिबन्धात्मक वाक्यांश झिकिएको ।

■ तेस्रो संशोधनद्वारा थप ।

α चौथो संशोधनद्वारा संशोधित ।

राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएको म्यादभित्र तोकिएको अदालतमा निवेदन दिएमा, तोकिएको अदालतले त्यसरी डिसमिस वा खारेज भएको वा तामेलीमा रहेको मुद्दा पुनः जगाई कारबाही र किनारा गर्न सक्नेछ ।

(२) कुनै जग्गाधनी वा किसानले दफा ५ को उपदफा (१) बमोजिमको विवरण म्यादभित्र पेश नगरेको कारणबाट उखडा जग्गा दर्ता हुन नसकेकोमा तोकिएको अदालतले म्याद तोकी सो म्यादभित्र दफा ५ को उपदफा (१) बमोजिमको विवरण प्राप्त हुन आएमा सो विवरणको आधारमा समेत तोकिएको अदालतले उखडा जग्गा दर्ता गर्ने सम्बन्धी कारबाही गर्न सक्नेछ ।

(३) यो दफा प्रारम्भ हुनुभन्दा अगावै तोकिएको अदालतले उखडा जग्गा दर्ता गर्ने सम्बन्धमा गरेको फैसला उपर [α]नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएको म्यादभित्र तोकिएको अदालतमा पुनरावेदन लाग्नेछ ।

९. छिन्न बाँकी मुद्दा मामिला सर्ने: यो ऐन प्रारम्भ हुनुभन्दा अघि सर्वोच्च अदालतमा बाहेक अन्य कुनै अड्डा अदालत वा अधिकारीका समक्ष दायर भै छिन्न बाँकी रहेको उखडा जग्गाका किसान र जग्गाधनीको हक बेहक सम्बन्धी मुद्दा मामिला यो ऐन प्रारम्भ भएपछि दफा ७ अन्तर्गत गठित [✂]तोकिएको अदालतमा सर्नेछ र सो तोकिएको अदालतबाट कारबाही र किनारा गरिनेछ ।

१०. नियम बनाउने अधिकार: यो ऐनको उद्देश्य कार्यान्वित गर्न नेपाल सरकारले नियम बनाउन सक्नेछ ।

---

α चौथो संशोधनद्वारा संशोधित ।

✂ दोस्रो संशोधनद्वारा संशोधित ।

११. बचाउः यो ऐन र यस ऐन अन्तर्गत बनेका नियममा लेखिएका कुराहरुमा सोही बमोजिम र अरुमा प्रचलित नेपाल कानून बमोजिम गर्नु पर्छ ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

---

द्रष्टव्यः- (१) विशेष अदालत ऐन, २०५९ द्वारा रुपान्तर गरिएका शब्दहरुः-
"विशेष अदालत ऐन, २०३१" को सट्टा "विशेष अदालत ऐन, २०५९"।
(२) केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा रुपान्तर गरिएका शब्दहरुः-
"श्री ५ को सरकार" को सट्टा "नेपाल सरकार"।
(३) न्याय प्रशासन ऐन, २०७३ द्वारा रुपान्तर गरिएका शब्दहरुः-
"पुनरावेदन अदालत" को सट्टा "उच्च अदालत"।

*(मिति २०७९।९।७ गते अद्यावधिक गरेको)*